सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ७ ♦ २०८२ साल भदौ १० गते मंगलवार ♦ 27 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## "७० प्रतिशतभन्दा बढी ई-रिक्सा चालक संग लाइसेन्स छैन"



**खबर दर्पण समाचारदाता**

**भदौ ९ गते, बर्दिवास**

मधेश प्रदेशका प्रमुख सहर वीरगञ्ज र जनकपुरधाममा सञ्चालनमा रहेका अधिकांश ई-रिक्सा चालकले हालसम्म लाइसेन्स नबनाएको एक सर्वेक्षणमा खुलासा भएको छ। कायापलटका संस्थापक दिवाकर उप्रेतीले सोमबार जनकपुर धाममा आयोजना गरिएको पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको तथ्याङ्क अनुसार ३११ जना ई-रिक्सा चालकलाई समेटेर गरिएको अध्ययनमा ७० प्रतिशतभन्दा बढी चालकसँग कानूनी अनुमति अर्थात् लाइसेन्स नभएको पाइएको छ।

उप्रेतीका अनुसार बिना लाइसेन्स सवारी सञ्चालन हुँदा दुर्घटनापछि थप समस्या उत्पन्न हुने गरेको छ। उनले भने, “लाइसेन्स नभएको अवस्थामा दुर्घटना भए चालक आफैं दोषी ठहरिन्छन्। क्षतिपूर्ति तिर्न नसक्दा कतिपयलाई जेलसम्म जानुपरेको छ।”

त्यस्तै, कार्यक्रममा विकल्प संस्थाका कार्यकारी निर्देशक बसन्त अधिकारीले ई-रिक्सा चालकका लागि व्यवस्थित रूपमा लाइसेन्स वितरण गर्न सरकार र सरोकारवाला निकायलाई तत्काल पहल गर्न आग्रह गरे। उनले कोशी प्रदेशको अनुभव प्रस्तुत गर्दै भने, “त्यहाँ यातायात ऐनमार्फत ई-रिक्साको लाइसेन्सको व्यवस्था अघि बढाइएको छ, जसले निम्न आय भएका चालकलाई कानूनी हैसियतका साथ सुरक्षित रूपमा व्यवसाय गर्न सहज बनाएको छ।” उनका अनुसार विराटनगरमा देखिएको सफल अभ्यासलाई अन्य प्रदेशमा पनि विस्तार गर्न सकिन्छ।

सर्वेक्षण प्रस्तुत गर्दै उप्रेतीले व्यावहारिक परीक्षा मार्फत चालकको क्षमता परीक्षण गरी लाइसेन्स वितरण गरेमा समस्याको दीर्घकालीन समाधान सम्भव हुने सुझाव दिए। उनले जोड दिँदै भने, “यो विषयमा सबै पक्षले आ-आफ्नो स्तरबाट मुद्दा उठाउन जरुरी छ। यसो गर्न सके दुर्घटनाको जोखिम कम हुनुका साथै चालकले बीमा दाबी गरेर आर्थिक भारबाट बच्न सक्छन्, पनि राहत र क्षतिपूर्ति पाउनेछन्।”

पीडितले कार्यक्रममा सरोकारवालाले ई-रिक्सा चालकलाई कानूनी र प्राविधिक रूपमा सक्षम बनाउन सरकारले तात्कालिक कदम चाल्नुपर्नेमा जोड दिएका छन्।

## प्रहरी र राष्ट्रिय अनुसन्धानलाई पिकअप भ्यान र मोटरसाइकल हस्तान्तरण




**खबर दर्पण समाचारदाता**

**भदौ ९ गते, बर्दिवास**

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले मधेश प्रदेशको सुरक्षा व्यवस्था कायम गर्नमा सहयोग पुग्ने दृष्टिकोणले मधेश प्रदेशका सुरक्षा निकायलाई सवारीसाधन हस्तान्तरण गरिएको छ।

मन्त्रालयले नेपाल प्रहरी मधेश प्रदेश कार्यालयलाई २१ थान मोटरसाइकल, एक थान पिकअप भ्यान र राष्ट्रिय अनुसन्धानलाई दुईथान कार र दुई थान पिकअप भ्यान हस्तान्तरण गरेको हो।

सोमबार मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयमा आयोजना गरिएको एक कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले नेपाल प्रहरीका मधेश प्रदेश कार्यालय प्रमुख एवम् डिआइजी उमाप्रसाद चतुर्वेदीलाई आर्थिक वर्ष २०८१-८२ मा खरिद गरिएको सो मोटरसाइकल र पिकअप भ्यानका कागजात र साँचो हस्तान्तरण गर्नुभयो।

कार्यक्रममा मन्त्री लेखीले राष्ट्रिय अनुसन्धानका धनुषा, महोतरी, रौतहट र सप्तरीको कार्यालय प्रमुखहरुलाई समेत भ्यान र कारको साँचो हस्तान्तरण गर्नुभएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री लेखीले प्रदेशको आफनो प्रहरी प्रशासन नभए पनि प्रदेशका नागरिकको सुरक्षा प्रदान गराउने विषयमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

स्रोत साधनका बावजुद पनि आफ्नो मन्त्रालयले नागरिकको हितमा काम गर्ने गरेको बताउनुभयो। उहाँले सुरक्षा निकायलाई सेवा प्रभाव गर्नमा सहजताका लागि प्रदेश सरकारले २१ थान मोटरसाइकल र पाँच थान गाडी हस्तान्तरण गरिएको भन्दै यसले नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धानलाई कामकाज गर्नमा सहजता हुने बताउनुभयो।

उहाँले आफू कष्टमा रहेर पनि नागरिकको सुरक्षा गर्ने प्रहरीका लागि चालु आर्थिक वर्षमा गाडी खरिदका लागि बजेट विनियोजन गरिएको बताउनुभयो। उहाँले समाजको सबै क्षेत्र र सबै अङ्ग जिम्मेवार बन्न सके मात्रै सभ्य समाजको निर्माण हुने भएकाले यस कार्यमा हामी सबै लाग्नुपर्नेमा जोड दिनुभयो।


कार्यक्रममा गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव विमलप्रसाद बरालले मधेश प्रदेशमा नागरिकलाई सेवा प्रदान गर्ने कार्यमा सहजताका लागि प्रहरी प्रशासनलाई प्रदेश सरकारले यसप्रकारको सहयोग गरेको बताउनुभयो।

कार्यक्रममा नेपाल प्रहरी मधेश प्रदेश कार्यालयका प्रमुख एवम डिआइजी उमाप्रसाद चतुर्वेदीले आम नागरिकको सुरक्षा प्रदान गर्ने कार्यमा नेपाल प्रहरीसँग अझै पनि साधन स्रोतको अभाव रहेको बेला प्रदेश सरकारबाट भएको यस प्रकारको सहयोगले अपराध नियन्त्रणमा ससहज हुने बताउनुभयो। कार्यक्रममा मन्त्रालयका उच्चपदस्थ कर्मचारी, उच्चपदस्थ सुरक्षा अधिकारीको उपस्थिति थियो।

**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
✓ फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# रुबी हत्या प्रकरणमा एक जना पक्राउ

**खबर दर्पण समाचारदाता**
**भदौ ९ गते, बर्दिवास**





रौतहटमा सुटकेशभित्र रुबी देवी साह सुडी हत्या प्रकरणमा हत्यामा प्रहरीले अनुसन्धानका क्रममा एक जना ई-रिक्सा चालकलाई पक्राउ गरेको छ । शनिबार गौर नगरपालिका-२ स्थित महादेवपट्टीका २६ वर्षीया रुवीकुमारी साहको शव फेला परेको घटनामा प्रहरीले एक जना पक्राउ परेका छन्। रुबीको हत्या गौर नगरपालिका-५ स्थित एक घरमा भएको खुलेको छ। सो घरमा डेरागरी बसेका स्थानीय लक्ष्मण पासवानले हत्यापछि उनको शव व्यवस्थापन गरेको प्रहरीको अनुसन्धानले देखाएको छ।

उक्त शव ठेगान लगाउन पासवानले गौरको कबिर चोकबाट ई-रिक्सा बुक गरेको एक प्रहरीले जनाएको छ। उक्त ई-रिक्सामा शवसहितको सुटकेस बोकेर पासवान बरहवा पुल पारी पुगेका थिए । पुल पारी पुगेपछि ई-रिक्साको पांग्रा बिग्रिएको थियो । सोही क्रममा चालकले अर्को ई-रिक्सा बोलाउने प्रयास गरेको उनको भनाइ छ ।

रिक्सा चालक राजकुमार महरा अहिले प्रहरीको नियन्त्रणमा छन्। महराले प्रहरीलाई बताए अनुसार सुटकेश बोकेका ती व्यक्तिले अर्को रिक्सामा जान चाहेनन् । त्यसपछि पासवान सुटकेश लिएर पैदल नै अघि बढेको जानकारी रिक्सा चालक महराले रौतहट प्रहरीलाई बयानमा बताएका छन् ।

सोही अनुसन्धानमा खटिएका एक प्रहरीले जनाए अनुसार गौर-५ को बालमन्दिर पछाडि रहेको एक घरमा रुबीको चप्पल लगायतका सामग्रीहरू पनि फेला परेको थियो । 'अहिले अनुसन्धान भइरहेको छ। छिट्टै घटनाका सम्बन्धमा सबै कुरा बाहिर ल्याउँछौं', ती प्रहरी अधिकारीले भने, 'शंकित व्यक्ति रुबीसँग लामो समयदेखि सम्पर्कमै रहेको देखिन्छ ।'

शंकास्पद व्यक्ति वैदेशिक रोजगारीबाट फर्किएको र उनले विदेशबाट फर्किँदा ल्याएकै सुटकेश रुबीको शव फाल्न प्रयोग गरेको तथ्य प्रहरीले पत्ता लगाएको छ ।

रुबीलाई त्यस साँझ बोलाएर हत्या गरेको अनुसन्धान अधिकृतको दाबी छ। शनिबार साँझ केही सामान लिन जान्छु भन्दै गौर गएकी छोरी नफर्किएको उनकी आमा मिथिलादेवीले बताएकी छन् । तर त्यसै राति गौर नगरपालिका-९ स्थित मुडवलवा गेटनजिक सडकमा बेवारिसे अवस्थामा सुटकेस फेला परेको थियो । राति नै स्थानीयले प्रहरीलाई खबर गरे पनि प्रहरीले आइतबार बिहान स्थानीयको रोहबरमा सुटकेश खोलेर हेर्दा शव फेला परेको थियो । रुबीको १३ वर्ष पहिले भारतको मुजफरपुरका शिवसागर सुडीसँग विवाह भएको थियो । घटनापछि रुबीका श्रीमान् पनि प्रहरीको सम्पर्कमा पुगेका छन् । रुबी भने केही महिना पहिलेदेखि मात्रै आमासँग डेरा लिएर बस्दै आएकी थिइन् । भारतमा घरबाट विद्यालय टाढा भएकाले छोरा पढाउन उनी यता डेरामा बस्न थालेकी थिइन् । ती शंकित व्यक्तिलाई भेट्नु पहिले उनी ब्युटिपार्लर गएको र छोरालाई जुस ल्याइदिन्छु भनेर फोन गरेको खुलेको छ । रातिसम्म पनि घर नफर्किएपछि आमाले खोजी गर्दा उनको मोबाइलमा पहिले फोन उठेन। राति ९ बजेतिर भने स्वीच अफ भएको थियो । त्यसको केही समयमै सुटकेश फेला परे पनि अर्कोदिन बिहान मात्रै शव रहेको खुलेको थियो ।

# मधेशका ११३ प्रहरी कारबाहीमा

**खबर दर्पण समाचारदाता**
**भदौ ९ गते, बर्दिवास**

मधेश प्रदेशमा प्रहरीले संरक्षण गरेको भन्दै तस्करी धन्दा सञ्चालनको आरोप सार्वजनिक भएपछि प्रदेश प्रहरी प्रशासनमा ठूलो संख्यामा कारबाही भएको छ । मधेश प्रदेश प्रहरी कार्यालयले १ सय १३ जना प्रहरीलाई जिम्मेवारीमुक्त गर्दै अन्यत्र सरुवा गरेको हो ।

प्रहरी प्रमुख डीआईजी उमाप्रसाद चतुर्वेदीका अनुसार कारबाहीमा परेका कर्मचारीमध्ये घुमुवा प्रहरी, सादा पोसाकमा खटाइएका प्रहरी र तस्करीसँग जोडिएका गैरकानुनी गतिविधिमा संलग्न विभिन्न दर्जाका कर्मचारीहरू छन् ।

उनले भने, 'हामीले अहिले जिम्मेवारीबाट कम्तीमा ११३ जनाभन्दा बढीलाई हटाएका छौं, अन्यको पहिचान गर्ने काम जारी छ। संगठनमाथि आँच पुर्याउने गतिविधि सह्य हुने छैन।' मधेश प्रदेश भारतसँगको खुला सीमासँग जोडिएकाले तस्करीको मुख्य मार्ग मानिन्छ । तर, तस्करी नियन्त्रणका लागि खटाइएका प्रहरी आफैं तस्करहरूसँग मिलेमतोमा रहेको आरोप पटक-पटक उठ्दै आएको छ। स्थानीय व्यापारी, नागरिक र सुरक्षा निकायका कर्मचारीहरू समेतले सीमामा तस्करीलाई 'लाइन मिलाउने' र असुली गर्ने काममा प्रहरी संलग्न भएको गुनासो गर्दै आएका छन् ।

डीआईजी चतुर्वेदीले भने, 'संगठनमाथि आँच पुर्याउनेहरूप्रति हामी निर्मम हुनेछौं । गैरव्यावसायिक गतिविधिमा संलग्न प्रहरीको जिम्मेवारी मुक्त गर्ने काम निरन्तर जारी रहनेछ ।'

विगत वर्षौंदेखि मदिरा, सुर्तीजन्य पदार्थ, खाद्यान्नदेखि सुन, मोबाइलसम्मको तस्करी रोक्न सुरक्षा निकाय परिचालन भए पनि प्रभावकारी नियन्त्रण देखिएको छैन । प्रहरी-तस्कर मिलेमतोका कारण नियन्त्रणभन्दा बढी 'व्यवसायीकरण' भएको स्थानीय व्यापारीहरूको गुनासो छ ।

जनकपुरधामका एक व्यापारीले भने, 'प्रहरीले भित्रकै मिलेमतो सफा नगरेसम्म तस्करी नियन्त्रण हुने छैन । अहिलेको कारबाही शुरुवात मात्रै हो । यो निरन्तर हुनुपर्छ ।'

कारबाहीपछि प्रहरी संगठनले विश्वास पुनर्स्थापना र सीमामा प्रभावकारी नियन्त्रणका लागि थप कदम चाल्ने तयारी सुरु गरेको छ ।

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**औरही नगरपालिका, महोत्तरी**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# मिथिलाञ्चलमा चौरचन पर्व : महोत्तरीका यी स्थानीयतहहरुमा आज सार्वजनिक विदा

खबर दर्पण समाचारदाता

**भदौ ९ गते, बर्दिवास**

मिथिलाञ्चलको प्रसिद्ध लोक पर्व चौरचन र तीज आज धुमधामसाथ मनाइँदैछ । हरेक वर्ष भदौं शुक्लपक्ष चतुर्थीका दिन चौरचन पर्व मनाइने गरिन्छ ।यस वर्ष चौरचन पर्व र तीज पर्व पनि एकैदिन परेको छ।

यसैबीच महोत्तरीका स्थानीय सरकारहरुले लोक पर्व चौरचन र तीजको उपलक्ष्यमा आज सार्वजनिक विदा दिएको छ।

यसरी विदा दिने स्थानीय सरकारहरुमा जलेश्वर, रामगोापलपुर, औरही, मटिहानी , लोहारपट्टी लगायतका रहेका छन् ।

मिथिलाको लोक पर्व चौरचन ( चौथचन्द्र व्रत) र हरितालिका तीज पर्वको अवसरमा सुचना प्रकाशित गर्दै एक दिन सार्वजनिक विदा दिने घोषणा नगरपालिकाहरुले गरेका छन् । नगरपालिकाले जारी गरेको सूचनामा यस दिन घर-घरमा पूजा-अर्चना गरी पर्व मनाइने भएकाले नगरपालिका कार्यालय तथा मातहतका सम्पूर्ण कार्यालयहरू बन्द रहने उल्लेख छ ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले दुवै पर्वका अवसरमा सम्पूर्ण नगर वासीलाई शुभकामना दिँदै चौरचन पर्वको महत्वबारे स्मरण गराउनुभएको छ। उहाँले भन्नुभयो, "चौरचन पर्व हाम्रो मौलिक परम्परासँग जोडिएको आस्था, परिवार र सामाजिक एकताको प्रतीक हो ।

यो पर्वले घर-घरमा श्रद्धा, सहकार्य र आपसी सद्भाव बढाउने गर्दछ ।" साथै उहाँले तीज पर्वले महिलाहरूको धार्मिक आस्था मात्र नभई सामाजिक र सांस्कृतिक महत्व पनि रहेको उल्लेख गर्दै दुवै पर्वले समाजमा नयाँ उमङ्ग र ऊर्जा भर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

## यसरी मनाइन्छ

## चौरचन पर्व

यो पर्व भाद्र शुक्लपक्षको चौथी तिथिका दिन मनाइन्छ। मधेशी समुदायले यसलाई छठपछिको दोस्रो ठूलो पर्वको रूपमा मनाउने गर्दछन् ।

चौरचन पर्वका दिन व्रत बस्ने चलन छ । पर्वकै अवसरमा आँगनमा पूजा हुने भएकाले चामलको पिठोको कलात्मक अरिपन बनाई त्यसमाथि पूजाका सामग्री राखेर धार्मिक विधिपूर्वक पूजापाठ गरिन्छ । सो क्रममा नयाँ माटोको भाँडोको दही, केरा, मिठाइ, फलफूलका साथै विभिन्न प्रकारका पकवान राखेर विभिन्न देवीदेवतालाई चढाइने गरिन्छ ।

पूजामा विशेष परिकार बनाउने चलन रहेको औरही नगरपालिका २ की मन्जु कुमारी यादव( यदुवन्शी) बताउनुहुन्छ। उहाँले प्रसादका रूपमा,पेरुकिया खजुरी, खाजा, पुरी र खिर घर घरमा बनाउने चलन रहेको बताउनुभयो ।

चौथीको दिन चन्द्रदेवलाई खाली हात दर्शन गर्न नहुने धार्मिक मान्यताअनुसार चौरचन पर्व मान्ने परिवारजनले हातमा केरा, स्याउ, अम्बा, अनार, काँक्रा, घरमा तयार पारेको पकवान, मिठाइ, गाजरजस्ता सामग्री लिएर दर्शन गर्ने परम्परा रहेको पुरोहित इन्द्रकान्त झाले बताउनुभयो ।

मिथिलाञ्चलमा यो पर्व हेमाङ्ग ठाकुरले प्रचलनमा ल्याएको बताइन्छ। ठाकुर आफैँ ज्योतिष हुनुहुन्थ्यो। उहाँलाई यो तिथिमा शुभफल प्राप्त भएकाले यस पर्वको सुरुआत गरेको परोहित झाले बताउनुभयो ।

मिथिलाको लोकपर्व चौरचनको बेला गणेश र चन्द्रमाको कथा सुन्ने समेत परम्परा रहेको छ।

## चौरचनको महत्व

चौरचन पर्व मिथिला क्षेत्रको पारम्परिक लोकपद्धतिमा आधारित पर्व रहेको महोत्तरीका वरिष्ठ पत्रकार तथा साहित्यकार गोपाल बरालले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीकहाँ जति लोक परम्परा रहेको छ त्यसमा कुनै प्रकारको भेदभाव हुँदैन् । यसमा कुनै तामझाम हुँदैन्। यसमा प्रयोग हुने विभिन्न सामग्री जस्तै माटोको भाँडा, फलफूल, पिठोबाट बनेको परिकार, दही लगायतका सम्पूर्ण सामग्री आफ्नै घर आँगनबाट उत्पादन भएको प्रयोग हुन्छ ।" बरालका अनुसार सबै देवीदेवतालाई शास्त्रीय विधिअनुसार प्रतिष्ठानमा राखेर पूजा गरिन्छ ।

चौरचन पर्वको आयोजना भाद्र शुक्ल चतुर्थी तिथिका दिन रातिमा मनाइन्छ। यो वास्तवमा चन्द्रमाको पूजा हो। भनिन्छ यो तिथिमा चन्द्रमालाई खाली हातले हेर्दा कलङ्क (पाप) लाग्ने हुनाले पूजा गरी अर्थात खाद्यान्न, फलफूल, दही आदिको अर्घ्य दिएर चन्द्र-दर्शन गर्दा त्यो पापबाट बच्न सकिन्छ ।

## पर्वको प्रारम्भ

मिथिलाञ्चल क्षेत्रमा डाक वचन अत्यन्त प्रमाणिक र लोक ज्योतिष शास्त्रकै ऋचा जस्तै स्वीकार गरिएका छन् । कृषि कर्मबारे उनका वचन अत्यन्त सटिक हुन्थ्यो । आज पनि मिलेको छ तर पर्यावरणीय अव्यवस्थाले गर्दा तलमाथि हुने गर्दछ । एउटा वचन आएको छ-"काशी कुशी चौठी चान, आब की रोपबह धान किसान" अर्थात चतुर्थी (शुक्ल चतुर्थी) को चन्द्रमा आकाशमा देखिसकेपछि धानको रोपाइँ गर्नु हुँदैन, गर्ने बेला गइसकेको हुन्छ ।"

यो बोल लगभग एक सय वर्ष पूर्व डाकद्वारा व्यक्त गरिएकाले यसको व्यवहार त्यसभन्दा अगाडिदेखि नै समाजमा भएको अनुमान गर्न सकिन्छ ।

## चौरचनको कथा

मिथिलाञ्चल क्षेत्रमा मनाउने चौरचनलाई चौठ चन्द पनि भनिन्छ। यस पर्वको विभिन्न प्रचलित कथा रहेको पण्डित लालबाबु झा बताउनुहुन्छ ।



झाका अनुसार श्रीकृष्णलाई आजैको दिन स्यमन्तक मणिको प्रसङ्गमा लागेको कलङ्क छुटेकाले यस पर्वको पौराणिक महत्व पनि स्थापित भएको छ ।

श्रीमद्भागवतमा एउटा कथा छ । द्वापरमा द्वारिकापुरीमा सत्रजीत नामको एउटा गरीब यादव भगवान सूर्यको अराधना गरी निकै उत्कृष्ट मणि प्राप्त गरेका थिए-'स्यमन्तक' । विधिपूर्वक पूजा गरेपछि उक्त मणिबाट यादवले प्रतिदिन २० मन सुन प्राप्त गर्नुहुन्थ्यो । यसरी उहाँ छिटै धनाढ्य हुनुभयो । चारैतिर यो खबर फिंजियो ।

एकदिन राजाको दरबारमा सत्रजीत मणि गलामा धारण गरेर नै पुग्नुभयो। मणिको प्रभावले चारैतिर प्रकाशित भएर दरबार नै चकमक्क भयो ।


श्रीकृष्णले यादवलाई मणि राजालाई दिन आग्रह गरेपनि उहाँले मान्नुभएन र बहाना बनाई घर फर्किनु भयो। घरमा गएपछि राजाले लेला भन्ने डरले भाइ प्रसेनजीतलाई मणि जिम्मा लगाई सुरक्षा साथ जङ्गल पठाइ दिनुभयो ।

कालक्रममा प्रसेनजीतको मृत्यु भएपछि उक्त मणि एउटा सिंहबाट जाम्बवान नाउँको बलशाली भालुले हात पारे । भालुको निवास एउटा विशाल गुफामा थियो । प्रसेनजीतको मृत्यु र मणि हराएको खबर राजा कहाँ आएपछि उसको सन्देह श्रीकृष्णमाथि नै गयो । आफूमाथि लागेको कलङ्क मेट्न श्रीकृष्ण जङ्गल गए र निकै खोजबिन गरेपछि त्यहाँ उपलब्ध साक्षीहरुको आधारमा आशङ्का गर्दै त्यस गुफाभित्र प्रवेश गर्नुभयो। दश दिनभन्दा पनि बढी गुफाबाट श्रीकृष्ण बाहिर नआएपछि सँगै आएका सैनिकहरु निराश भई राजधानी फर्के । त्यहाँ श्रीकृष्णको लागि निकै शोक लहर चल्यो। समय बित्दै जाँदा अठाइसौँ दिन श्रीकृष्ण मणि र एक सुन्दर महिलाका साथ राजधानी फर्किनुभयो । वास्तवमा जामवन्त भालुसँग लडाईं गर्दै अन्तमा उनलाई हराएर मणि साथ उनकी छोरी जाम्बवतीलाई लिएर उहाँ आउनु भएको थियो। त्यो दिन भाद्र शुक्ल चतुर्थीको दिन भएको हुँदा श्रीकृष्णको कलङ्क मुक्तिको त्यो दिनलाई स्मरण गर्दै चन्द्रपूजाको प्रचलन चल्दै आएको विश्वास गरिन्छ ।


युवा सशक्तिकरण गरौं

❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

बर्दिवास नगरपालिका,
महोत्तरी




गर्मी तथा वर्षायामसंगै फैलने
झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरूबाट बच्न
बासी सडेगलेका झिंगा भन्केका खानेकुरा नखाऔं ।
काँचै खान मिल्ने फलफूल तथा तरकारी शुद्धिकरण गरेको
पानी प्रयोग गरी राम्ररी सफा गरेर मात्र खाऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
जलेश्वर, महोत्तरी

# वीरगञ्जमा हैजा महामारी संक्रमितको सख्या ९३ पुग्यो

**खबर दर्पण समाचारदाता**

**भदौ ९ गते, बिरगंज**

संघीय सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले हैजा नियन्त्रणका लागि सरकार प्रतिबद्ध रहेको जनाउदै त्यसका लागि आवश्यक स्रोतसाधन परिचालन गरिने बताउनु भएको छ ।

मन्त्री पौडेलले सोमबार वीरगञ्जमा हैजा संक्रमित उपचाररत नारायणी अस्पतालको निरीक्षण गर्नु हुँदै मन्त्री पौडेलले हैजा नियन्त्रणका लागि सरकार प्रतिबद्ध रहेको र त्यसका लागि आवश्यक स्रोतसाधन परिचालन गरिने बताउनुभएको हो ।

निरीक्षणकाक्रममा उहाँले बिरामीहरूसँग प्रत्यक्ष भेटघाट गरी बिरामीहरूको स्वास्थ्य अवस्था, औषधी उपचार, सेवा प्रवाह, तथा उपचारमा देखिएका समस्याहरूको बारेमा जानकारी लिनुभयो ।

हैजाको प्रकोप समुदायस्तरमै फैलिँदै गएपछि निरीक्षणका क्रममा वीरगञ्जको नारायणी अस्पताल पुग्नुभएका मन्त्री पौडेलसँग एक बिरामीका आफन्तले डाक्टरले तोकेको औषधी आफैंले किन्नुपरेको गुनासो गरेपछि मन्त्री पौडेलले तत्काल सम्बन्धित पक्षलाई समस्याको समाधान गर्न निर्देशन दिनुभएको थियो ।

मन्त्री पौडेलले राख्नु भएको जिज्ञासामा एक स्वास्थ्यकर्मीले सलाइन र इन्जेक्सनजस्ता सामग्रीहरू र अस्पतालमा उपलब्ध औषधीहरु निःशुल्क उपलब्ध गराइएको तर केही अन्य औषधी भने बिरामीलाई किन्न लगाइएको हुनसक्ने बताएका थिए ।

त्यसपछि मन्त्री पौडेलले चिकित्सकलाई भन्नुभयो, 'बिरामी वा कुरुवाले कुनै पनि औषधी किन्न नपर्ने र परीक्षणको पनि कुनै शुल्क नलाग्ने अवस्था बनाउनु होला । बिरामीलाई राज्यले दिनुपर्ने सहुलियत दिनु होला ।'

सरकारी अस्पतालमा महामारीका बिरामीको उपचार सरकारले पूर्णरूपमा निःशुल्क गरेको बताउनु हुँदै उहाँले महामारी प्रभावित उपचाररत अस्पतालमा औषधी र जनशक्तिको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मन्त्री पौडेलले निजी अस्पतालमा समेत सरकारले परीक्षण किट उपलब्ध गराउने निर्णय गरिसकेको अनि झाडापखाला र हैजाको महामारी फैलनुको कारण पत्ता लगाउन स्वास्थ्य मन्त्रालयले विज्ञ, प्राविधिकसहितको टोली परिचालन गरिसकेको र उक्त टोलीले काम पनि सुरु गरिसकेको बताउनुभयो ।

अनुगमनपछि मन्त्री पौडेलले विरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह, स्वास्थ्य कार्यालयका अधिकारीहरू र अन्य सरोकारवालासँग हैजा नियन्त्रणका लागि भइरहेका प्रयासबारे छलफल गरी आवश्यक जानकारी लिनुभएको थियो ।

जिल्ला स्वास्थ्य कार्यालय पर्साका अनुसार वीरगञ्जमा सोमबार साँझ साढे ५ बजेसम्म सङ्क्रमितको संख्या ९३ पुगेको छ । नारायणी अस्पतालमा ३२ जना, तराई अस्पतालमा ३२ जना, नेशनल मेडिकल कलेजमा १२ जना, भवानी अस्पताल, वीरगञ्ज हेल्थकेयर र मंगलम प्याथोलोजीमा ३-३ जना, अलि अर्थोअस्पतालमा २ जना र सर्वोत्तम अस्पताल नेपाल इण्डो अस्पताल, निलकण्ठ अस्पताल, एडभान्स मेडिकेयर अस्पताल नारायणी सेन्ट्रल अस्पताल र नेपाल मेडिसिटी बयोधा अस्पताल १-१ जना संक्रमित पुष्टि भएका हुन् ।

रौतहटको गौरस्थित प्रादेशिक अस्पतालबाट दुई जना चिकित्सक र तीन जना स्वास्थ्य सहायक (हेल्थ असिस्टेन्ट) सहितको पाँच सदस्यीय स्वास्थ्यकर्मीको टोली वीरगञ्ज आएर झाडापखाला र हैजा नियन्त्रणका लागि खटिएको छ ।

प्रादेशिक अस्पताल गौरका अध्यक्ष मोहम्मद अनवर हासमीले विरगञ्जमा झाडापखाला र हैजाका बिरामी संख्या बढ्न थालेपछि आवश्यक स्वास्थ्य सहायताका लागि टोली पठाइएको बताउनुभयो ।

गौरबाट आएको चिकित्सक टोलीले पनि संक्रमित क्षेत्रको अवलोकन, बिरामीको उपचार तथा महामारी नियन्त्रणमा प्रत्यक्ष सहयोग गरी रहेको वीरगञ्ज महानगरका स्वास्थ्य शाखाले जनाएको छ ।

यता, वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले हैजाको सङ्क्रमण नियन्त्रणमा प्रभावकारिता ल्याउन प्रभावित क्षेत्रमा जथाभावी औषधीजन्य सामग्री वितरण नगरी एकद्वार नीति अवलम्बन गर्नमा जोड दिनुभएको छ ।

स्वास्थ्य मन्त्रालय, विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ, प्रदेश स्वास्थ्य निर्देशनालय र महानगर स्वास्थ्य शाखाका प्रतिनिधिहरूसँग छलफल गर्दै प्रमुख सिंहले हैजा नियन्त्रणका सबै काम एकीकृत प्रयासमार्फत गर्नुपर्नेमा जोड दिनुभएको छ ।

छलफलमा स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य प्रशासक विशाल सुवेदीले सरकारी स्वास्थ्य संस्थालाई नै उपचारको मुख्य केन्द्र बनाउनुपर्नेमा जोड दिनुभयो । त्यसैगरी स्वास्थ्य सेवा विभागका सरुवा रोग शाखाका प्रमुख डा. प्रवीण झाले एक बिरामीमा हैजाको संक्रमण पुष्टि भइसकेपछि त्यस्तै लक्षण देखिएका अन्य बिरामीको परीक्षण नदोहोऱ्याइ सिधा उपचारमा ध्यान दिन स्वाथ्यकर्मीलाई आग्रह गर्नुभयो ।

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

मनरा सिस्वा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं
- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

भंगहा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं
- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

एकडारा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

सोनमा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

जलेश्वर नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

महोत्तरी गाउँपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,